# लोक सेवा आयोग

## नेपाल प्रशासन सेवा, सामान्य प्रशासन समूह, राजपत्राङ्कित द्वितीय श्रेणी, उपसचिव वा सो सरह (अप्राविधिक) पदको खुला प्रतियोगितात्मक लिखित परीक्षा

मिति:- २०८०।१०।१६

समयः ३ घण्टा | पत्र:द्वितीय | पूर्णाङ्क:- १००

बिषयः सेवा सम्बन्धी

तलका प्रश्नहरूको उत्तर बेग्लाबेग्लै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ।

१. मुलुक एकात्मक ढाँचाको शासकीय प्रणालीबाट संघीय प्रणालीमा रुपान्तरित भएपनि सरकारी सेवामा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूको विधिसम्मत व्यवस्थापनको कार्य अझै टुङ्गोमा पुग्न सकेको छैन। संविधान जारी भएको आठ वर्ष व्यतित भइसक्दा समेत संघीय निजामती सेवा ऐन जारी हुन नसक्दा निजामती कर्मचारीको व्यवस्थापन जटिल बन्दै गएको छ।
लामो प्रतिक्षाका बाबजुद पनि सार्वजनिक कर्मचारी प्रशासन सम्बन्धी राष्ट्रिय नीति र संघीय कानून प्राप्त हुन नसके पश्चात् प्रदेशहरूले आफ्नो प्रशासन सञ्चालन गर्न प्रदेश निजामती सेवा सम्बन्धी कानून बनाएका छन्। केही प्रदेशहरूले स्थानीय तहको सेवा सम्बन्धी कानून समेत जारी गरेका छन् भने केही प्रक्रियामा रहेका छन्। सार्वजनिक कर्मचारी प्रशासन सम्बन्धी कानूनहरूका आधारभूत विषयमा संघ, प्रदेश र स्थानीय तहकाबीच तादात्म्यता मिल्नुपर्ने हुन्छ। सार्वजनिक कर्मचारी प्रशासन सम्बन्धी कानून निर्माण गर्दा अन्तरतह सामञ्जस्यता नहुँदा यी कानूनहरूका कतिपय प्रावधानहरू कार्यान्वयनमा पनि समस्या हुने गरेको छ। नेपालको संविधानले तहगत अधिकार बाँडफाँट गरी संघ, प्रदेश र स्थानीय तहले आ-आफ्नो एकल अधिकारमा कानून बनाउन पाउने र साझा अधिकार सम्बन्धी कानून संघले बनाउनुपर्ने समेत व्यवस्था गरेको छ। एकल अधिकारमा पनि दोहोरिएका कतिपय बिषयहरूमा र साझा अधिकारको बिषयमा कानून नबनेको र बनेका कानूनमा पनि कार्यान्वयन सम्बन्धी जटिलता विद्यमान छ।
प्रस्तुत सन्दर्भमा संघ, प्रदेश र स्थानीय तहको सरकारी सेवा सञ्चालन तथा व्यवस्थापन सम्बन्धमा संवैधानिक तथा कानूनी र परिपालन सम्बन्धी विद्यमान अवस्थाको चर्चा गर्दै तीनवटै तहका सरकारी सेवा सञ्चालनमा सामञ्जस्य (Compatible) हुनुपर्ने आधारभूत विषयहरू के के हुन सक्दछन्? विवेचनात्मक प्रस्तुति दिनुहोस्। 7+8=15

२. मुलुकको शासन व्यवस्था सञ्चालनको प्रमुख आधार मूल कानूनको रुपमा रहने संविधान नै हो। संविधानको मार्गदर्शन र शासन सञ्चालन प्रक्रिया एवं शासकीय स्वरूपलाई दृष्टिगत गरेर राष्ट्रिय मूल नीति तर्जुमा गरी त्यसैको आधारमा अन्य क्षेत्रगत नीतिहरु तर्जुमा गरिन्छ। हाम्रो जस्तो संघीय शासन प्रणाली भएको मुलुकमा त राष्ट्रिय मूल नीति झन् अपरिहार्य नै हुने भए तापनि अहिलेसम्म त्यस्तो महत्वपूर्ण नीति तयार हुन सकेको छैन। यसले गर्दा संघीय क्षेत्रगत नीतिहरूको एक आपसमा समन्वय नहुने, संघले क्षेत्रगत नीति तर्जुमा गर्दा प्रदेश र स्थानीय तहको एकल अधिकारमा समेत हस्तक्षेप गर्ने, प्रदेश र स्थानीय तहले नीति निर्माण गर्दा आफ्नो अधिकार क्षेत्रभन्दा बाहिर गएर निर्माण गर्ने गरेको पनि पाइन्छ। तीनवटै तहले कानून तथा नीति निर्माणमा एकरूपता, समन्वय र दोहोरो नपर्ने गरी नीति तर्जुमा गर्ने बिषयलाई संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ ले स्पष्ट रुपमा व्यवस्था गरेको छ। यस ऐनमा संघले आफ्नो एकल वा साझा अधिकारको बिषयमा कानून वा नीति बनाउँदा प्रदेश तथा स्थानीय तहको एकल अधिकारको अतिक्रमण नगर्ने र कुनै बिषयको कार्यान्वयनमा दोहोरो नपर्ने गरी संघ, प्रदेश र स्थानीय तहको भूमिका रहने गरी नीति बनाउनुपर्ने व्यवस्था रहेको छ। त्यसैगरी प्रदेश र स्थानीय तहले पनि आफ्नो एकल वा साझा अधिकारको बिषयमा नीति बनाउँदा दोहोरो नपर्ने र नबाझिने गरी बनाउनुपर्ने व्यवस्था पनि ऐनमा रहेको छ। तर व्यवहारमा संघ, प्रदेश र स्थानीय तह कसैबाट पनि यस कानूनी व्यवस्थालाई आत्मसात गरी नीति तर्जुमा नगरिँदा विशेषतः आफ्नो अधिकार क्षेत्रको अतिक्रमण संघबाट भएको भनी प्रदेश र स्थानीय तहको गुनासो रहेको सुन्नमा आएको छ।

क्रमशः

यस्तो अवस्थामा संघीय शासन प्रणालीमा नीति तर्जुमा गर्ने मूल आधार र व्यवस्थाहरू के कस्तो हुनुपर्छ ? स्पष्ट पार्दै संघ, प्रदेश र स्थानीय तहमा नीति तर्जुमा (Policy Formulation) मा देखिएका समस्याहरू उल्लेख गर्नुहोस् । साथै, आगामी दिनमा तीनवटै तहले आ-आफ्नो क्षेत्रगत नीति तर्जुमा गर्दा ध्यान दिनुपर्ने बिषय र तीनवटै तहबीचको समन्वय र अन्तरसम्बन्ध के कस्तो हुनुपर्छ ? तार्किक धारणा प्रस्तुत गर्नुहोस् । 4+5+6+5=20

३. नेपालको संविधानले राज्यको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गर्दै तीनवटै तहको एकल तथा साझा अधिकारको सूचीहरूसमेत निर्धारण गरेको छ । नेपाल सरकारले संविधानका व्यवस्था र अनुसूचीका कार्यहरूमा तहगत सरकारको कार्य जिम्मेवारी प्रष्ट हुने गरी कार्य विस्तृतीकरण समेत गरेको छ । तथापि, तीनवटै तहकाबीच अन्तरसमन्वय नहुँदा काममा दोहोरोपन हट्न सकेको छैन । खासगरी विकास निर्माणका क्षेत्रमा तीनवटै तहका सरकारहरूमा प्राय जसो सबै किसिमका काममा संलग्न हुने चाहना देखिँदा हाम्रो जस्तो सीमित साधनश्रोत भएको मुलुकमा श्रोतको अपव्यय तथा विचलनका जोखिम बढ्छ नै । संघीय शासन प्रणाली अवलम्बन गरेपछि योजना पद्धति लगायत सार्वजनिक क्षेत्रका प्रायः जसो बिषय क्षेत्रमा सुधार हुन सकेको छैन । विकास व्यवस्थापन र सेवा प्रवाहमा जनसन्तुष्टि बढ्नुको सट्टा संघीयतामा नै प्रश्न उठ्न थालको छ । यस सन्दर्भमा देहायका प्रश्नहरूको उत्तर दिनुहोस् । 5+5+10=20

क) तहगत सरकारका योजना तर्जुमा र कार्यान्वयनमा संघीय विषयगत मन्त्रालयहरूले के कस्तो भूमिका निर्वाह गर्नुपर्छ? विवेचनात्मक उत्तर दिनुहोस् ।

ख) प्रदेश र स्थानीय तहले योजना तर्जुमा र कार्यान्वयनमा के कस्तो आन्तरिक सुधार गर्नुपर्छ ? प्रष्ट पार्नुहोस् ।

ग) विकास व्यवस्थापनमा अन्तरतह समन्वयको आवश्यकता सम्बन्धि प्रकाश पार्दै विकास व्यवस्थापनलाई संघ, प्रदेश र स्थानीय सबै तहमा भरपर्दो र प्रभावकारी बनाउन के कस्तो सुधार गर्नुपर्ला ? सुझाबसहित ती सुझाब कार्यान्वयन गर्ने कार्ययोजना प्रस्तुत गर्नुहोस् ।

४. नेपालको पहिलो मानव विकास प्रतिवेदनले दीर्घकालीन र असीमित भविष्यसम्म पनि वैदेशिक सहायताको आडमा राष्ट्र र जीवन धान्नुपर्ने बाध्यता अन्तर्गत बाँच्नु अपमानजनक हुने र यस्तो स्थिति मानवीय विकासको विपरीत हुने भएकोले सरकारलाई एक श्वेतपत्र जारी गरी यसमाथिको परनिर्भरता घटाउँदै लगी वैदेशिक सहायताको विकल्पको रुपमा दिगो आन्तरिक श्रोत बढाउन तथा आन्तरिक एवं बाह्य निजी लगानी परिचालन गर्न सुझाब दिएको थियो । तर नेपालमा यो श्रोत माथिको परनिर्भरता घटेको छैन । नेपाल सरकारको बजेटको ठूलो हिस्सा अनुत्पादनशील क्षेत्र र वैदेशिक ऋणको साँवा ब्याजमा खर्च हुने गरेको छ । वैदेशिक सहायताको महत्वपूर्ण हिस्सा दातृ संस्था स्वयंले या अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको माध्यमबाट प्रत्यक्ष रुपमा परिचालन पनि हुने गरेको कारणले यस्तो रकमको हिसाब किताब नेपाल सरकारको नियमित अभिलेखमा आउने गरेको छैन । विगत केही समययता दातृ निकायहरूले अन्तर्राष्ट्रियस्तरका निजी कम्पनीहरू मार्फत् परियोजना सञ्चालन गर्न थालेका छन् । प्राविधिक सहायताको ठूलो हिस्सा प्रशासनिक खर्च तथा विदेशी परामर्शदाताको लागि खर्च हुने गरेको छ । वैदेशिक सहायताबाट हुने लगानीमा आर्थिक समृद्धिको क्षेत्र प्राथमिकतामा पर्न सकेको छैन ।

उपर्युक्त सम्बन्धमा तत्कालका लागि वैदेशिक सहायताको नतिजामूलक उपयोग गर्दै क्रमिकरुपमा यसमाथिको परनिर्भरता घटाउने बिषयलाई केन्द्रमा राखी देहायका प्रश्नहरुको उत्तर दिनुहोस् । 6+6+8=20

क) नेपालमा वैदेशिक सहायता परिचालनका सकारात्मक र नकारात्मक पक्षहरूको समीक्षा गर्नुहोस् ।

ख) नेपालमा वैदेशिक सहायताको व्यवस्थापन तथा परिचालनमा रहेका समस्याहरू के के हुन् ? र, समस्याका ठोस कारणहरू के के रहेका छन् ? प्रष्ट पार्नुहोस् ।

ग) नेपालले तत्कालको लागि वैदेशिक सहायताको कुशल तथा प्रभावकारी प्रयोग र दीर्घकालमा यसमाथिको परनिर्भरता हटाउन अवलम्बन गर्नुपर्ने उपायहरू के के हुन सक्छन् ? ती उपायहरुको कार्यान्वयन गर्ने प्रक्रियासमेत लेख्नुहोस् ।

क्रमशः

५. शासन प्रणालीलाई जनमुखी, सक्षम, सुदृढ, सेवामूलक र उत्तरदायी बनाउँदै लैजानुपर्ने महत्वपूर्ण जिम्मेवारीमा रहेका उच्च प्रशासकको कार्यकुशलता र कार्यसम्पादनबाट प्रशासकीय सुशासनको अनुभूति दिलाउन सकिन्छ। जवाफदेही, व्यवसायिक र सक्षम सार्वजनिक प्रशासनबाट मात्र सार्वजनिक सेवाप्रतिको जनविश्वास अभिबृद्धि हुने र विकासलाई नतिजामुखी बनाउन सकिने हुँदा सार्वजनिक प्रशासनको उच्च नेतृत्वकारी भूमिकामा रहेका कर्मचारीहरूको आचरण, कार्यशैली उत्कृष्ट र अनुकरणीय हुनु आवश्यक हुन्छ। अझ, नेपालको निजामती सेवाको नेतृत्व तहमा रहने कर्मचारीको व्यवहार र नेतृत्व क्षमताको प्रभाव मुलुकको समग्र विकास र प्रशासन एवम् कार्यान्वयन तह लगायतका अन्य कर्मचारीहरूमा पर्ने हुनाले झनै महत्वपूर्ण रहन्छ। तर मुलुकमा संघीय शासन प्रणाली कार्यान्वयन भएको अवस्थामा संघ, प्रदेश र स्थानीय तहको प्रशासनिक नेतृत्व क्षमता सुदृढ र कार्यसम्पादनमा प्रभावकारीतालाई बढोत्तरी गरी समग्र पद्धतिलाई उत्पादनमूलक, नतिजामूखी एवम् जवाफदेही बनाउन अति जरुरी देखिए पनि सो अनुरुप हुन सकेको पाइँदैन।

उपर्युक्त सन्दर्भमा नेपालका नेतृत्व तहका निजामती प्रशासकहरूको नेतृत्व क्षमता र कार्य प्रभावकारीतालाई दृष्टिगत गरी देहायका प्रश्नहरूको उत्तर दिनुहोस्। 5+6+6+8=25

क) उच्च तथा नेतृत्व तहमा रहने प्रशासकको नेतृत्व क्षमतामा के कस्ता समस्याहरू रहेका छन् ? यी समस्याका मूल कारणहरू के के हुन् ? यथार्थपरक विश्लेषण गर्नुहोस्।

ख) नीतिगत तहमा रहने नेतृत्वको कार्यकुशलता र कार्यपद्धतिले समग्र निजामती सेवाको कार्यप्रभावकारिता र कार्यसंस्कृतिमा के कस्तो प्रभाव परेको छ ? विवेचना गर्नुहोस्।

ग) नीतिगत तहको प्रशासनिक नेतृत्वको क्षमता तथा कार्यप्रभावकारिता अभिबृद्धिको लागि के कस्ता अल्पकालीन तथा दीर्घकालीन उपायहरू अवलम्बन गर्नुपर्ला ? साथै, सो को कार्यान्वयन कसरी गर्न उचित हुन्छ ? उल्लेख गर्नुहोस्।

घ) नीतिगत तहको नेतृत्वको कार्यप्रभावकारिता, सकारात्मक कार्यसंस्कृति र परिणाममूलक कार्यपद्धतिको विकासमा देखिएका विद्यमान समस्याहरुको पहिचान गरी ती समस्या समाधानका लागि सुझाब प्रस्तुत गर्नुहोस्।

««« समाप्त »»»